# मिति २०७४ साल मंसिर ५ गतेको बैठकको प्रस्ताव एवं निर्णयहरु

१. **असिस्टेन्ट सव-इजिनियर मनोहर घिमिरेको तलव भत्ता सम्बन्धमा :-** जिल्ला समन्वय समितिको कार्यालय मकवानपुरबाट काजमा खटी आएका करार सेवाका असिस्टेन्ट सव-इन्जिनियर मनोहर घिमिरेको २०७४ साल कार्त्तिक २४ गते सम्मको तलव भत्ता र दशैं खर्च वापतको रकम जि.स.स. को कोष फुकुवा भएपछी सोही अनुसार हुने गरी रकम भुक्तानी दिन लेखी आएकोले रु १,०६,४१६।०० भुक्तानी दिने र जिल्ला समन्वय समितिको कार्यालय, मकवानपुरलाई सोधभर्ना माग गर्ने सर्वसम्मतिले निर्णय गरियो ।

२. **वडा स्तरिय अन्तक्रिया र समिक्षा सम्बन्धमा :-** बकैया गाउँपालिका वडा नं. ३ देखी ७ सम्मको वडा स्तरिय अन्तर्क्रिया तथा समिक्षा कार्यक्रम वडा वडामा २०७४ साल मंसिर २१ गतेको निर्वाचन पछी वडा अध्यक्षसँगको समन्वयमा समय निर्धारण गरी कार्यक्रम गर्न अध्यक्ष ज्यूलाई जिम्मेवारी दिने सर्वसम्मतिले निर्णय गरियो ।

३. **गाउँपालिका स्तरिय अन्तक्रिया र समिक्षा तथा बजेट र कार्यक्रम सार्वजनिकीकरण सम्बन्धमा :-** बकैया गाउँपालिकाको वडाहरुको वडा स्तरिय अन्तर्क्रिया तथा समिक्षा कार्यक्रम सम्पन्न भएपछी गाउँपालिका स्तरिय अन्तर्क्रिया र समिक्षा तथा बजेट तथा कार्यक्रम सार्वजनिकीकरण कार्यक्रम गर्न अध्यक्ष ज्यूलाई जिम्मेवारी दिने सर्वसम्मतिले निर्णय गरियो ।

४. **बकैया गाउँपालिका खर्च सम्बन्धी निर्णय र कार्यविधी सम्बन्धमा :-** बकैया गाउँपालिकाको मिति २०७४ साल असोज २० गतेको बैठकबाट पारित बकैया गाउँपालिकाको खर्च सम्बन्धी निर्णय र कार्यविधि, २०७४ लाई कार्यान्वयनका लागि सबै वडाहरु वितरण गर्ने सर्वसम्मतिले निर्णय गरियो ।

५. **सुचना प्रविधि अधिकृतको विज्ञापन र अहेव/अनमीको परिक्षा सम्बन्धमा :-** बकैया गाउँपालिकाको लागि नेपाल सरकार, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय, स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रमबाट तोकिएको विधि, प्रक्रिया र सेवा सुविधा अनुसार छनौट तथा व्यवस्थापन गर्ने गरी सुचना प्रविधि अधिकृतको विज्ञापन र परिक्षा सञ्चालन गर्ने तथा बकैया गाउँपालिका वडा नं. १, ६, ७ र ११ मा अस्थायी स्वास्थ्य क्लिनिकहरु सञ्चालन गर्न विज्ञापन भएका अहेव/अनमीहरुको परिक्षा २०७४ साल मंसिर २१ गतेको निर्वाचन पछी समय, मिति, स्थान र विधि तय गरी परिक्षा सञ्चालन गर्न प्रमुख प्रशासकीय अधिकृतलाई जिम्मेवारी दिने सर्वसम्मतिले निर्णय गरियो ।

६. **प्राविधिक कर्मचारीहरुको कार्यक्षेत्र बाँडफाँड सम्बन्धमा :-** बकैया गाउँ कार्यपालिकाको कार्यालयमा कार्यरत इन्जिनियर र सव-इन्जिनियरहरुको कार्यक्षेत्र तथा कार्य विभाजन २०७४ साल पौष १ गतेदेखी लागू हुने गरी विभाजन गर्न प्रमुख प्रशासकीय अधिकृत श्री सुरेन्द्र प्रधानलाई जिम्मेवारी दिने तथा प्राविधिकहरु फिल्डमा जाँदा फिल्ड भत्ता वा खाना खाजा खर्च के कति कसरी दिन सकिन्छ प्रस्ताव तयार गरी आगामी बैठकमा पेश गर्न अध्यक्ष, उपाध्यक्ष र प्रमुख प्रशासकीय अधिकृतलाई जिम्मेवारी दिने सर्वसम्मतिले निर्णय गरियो ।

७. **गाउँपालिका तथा वडाको भवन निर्माण सम्बन्धमा :-** बकैया गाउँ कार्यपालिकाको भवन मन्त्रालयले दिएको डिजाइन अनुसारको लागत अनुमान तथा अन्य आवस्यक कागजात तयार गरी ठेक्कापट्टाद्वारा भवन निर्माण प्रक्रिया अगाडी बढाउन प्राविधिक शाखालाई जिम्मेवारी दिने तथा वडाको केन्द्र सम्बन्धी विवाद नभएका र भवन नभएका वडा कार्यालयहरुको मागको आधारमा कुन वडामा कस्तो भवन बनाउने एकिन गरी आगामी बैठकमा प्रस्ताव पेश गर्न अध्यक्ष ज्यूलाई जिम्मेवारी दिने सर्वसम्मतिले निर्णय गरियो ।

८. **वर्षादमा भत्कीएको सडक मर्मत सम्बन्धमा :-** बकैया गाउँपालिका क्षेत्रमा नियमित सञ्चालन भई वर्षातका कारणले भत्कीएका सडकहरु आपकालिन रुपमा मर्मत गर्दा भएको खर्च सम्बन्धीत योजनाको रकमबाट भुक्तानी दिने सर्वसम्मतिले निर्णय गरियो ।

९. **आगलागी, बाढी पहिरो तथा जटिल रोगको उपचार सहयोग सम्बन्धमा :-** बकैया गाउँपालिका क्षेत्र भित्र घर गोठ आगलागी भई घर क्षति भएमा रु १० हजार, गोठ क्षति भएमा रु ५ हजार, खोलाले बगाएर, आगलागी भएर वा पहिरोले पुरिएर मानिसको मृत्यु भएमा मृतकको काज क्रिया गर्न प्रति परिवार रु १५ हजार क्रिया खर्च तथा क्यान्सर, मुटु, मृगौला जस्ता जटिल र २ लाख भन्दा बढी खर्च लाग्ने रोगका लागि रोग तथा लाग्ने खर्चको प्रकृति अनुसार बढीमा रु १० हजार सम्म आर्थिक सहायता दिन पाउने गरी अध्यक्ष ज्यू लाई अधिकार प्रत्यायोजन गर्ने सर्वसम्मतिले निर्णय गरियो ।

१०. **वडा सचिव तथा अन्य कर्मचारी व्यवस्थापन सम्बन्धमा :-** बकैया गाउँ कार्यपालिकामा कार्यरत तपसिलका कर्मचारीहरुलाई तपसिल अनुसारको कामकाज गर्ने गरी २०७४ साल मंसिर २१ गतेको निर्वाचन पछी जिम्मेवारी हेरफेर गर्ने सर्वसम्मतिले निर्णय गरियो ।

तपसिल

| क्र.सं. | नाम थर | पद | हालको जिम्मेवारी | परिवर्तित जिम्मेवारी |
|---|---|---|---|---|
| १ | दिपकराज पौडेल | नायब सुब्बा | बकैया वडा नं. १० र ११ को वडा सचिव | गाउँ कार्यपालिका र ३ नं. वडा कार्यालयको वडा सचिव |
| २ | तारा प्रसाद आचार्य | नायब सुब्बा | बकैया वडा नं. ३, ८ र ९ को वडा सचिव | गाउँ कार्यपालिका र ७ नं. वडा कार्यालयको वडा सचिव |
| ३ | इश्वर प्रसाद आचार्य | नायब सुब्बा | बकैया वडा नं. १ र २ को वडा सचिव | गाउँपालिका कार्यालय |
| ४ | सोमलाल जिम्बा | सहायक स्तर तेश्रो | बकैया वडा नं. १ को कार्यालय सहायक | बकैया वडा नं. १ र २ को वडा सचिव |
| ५ | पदम बहादुर घलान | सहायक स्तर चौथो | बकैया वडा नं. ९ को कार्यालय सहायक | बकैया वडा नं. ८ र ९ को वडा सचिव |
| ६ | जय बहादुर भोम्जन | सहायक स्तर चौथो | बकैया वडा नं. १० को कार्यालय सहायक | बकैया वडा नं. १० को वडा सचिव |
| ७ | लक्ष्मण प्रसाद घिमिरे | सहायक स्तर चौथो | बकैया वडा नं. १२ को वडा सचिव | बकैया वडा नं. ११ र १२ को वडा सचिव |
| ८ | हरिशरण खतिवडा | पशु सेवा प्राविधिक | बकैया वडा नं. ६ मा कृषि तथा पशुपालन सम्बन्धी कामकाज | बकैया वडा नं. २ मा बसी वडा नं. १ र २ मा कृषि तथा पशुपालन सम्बन्धी कामकाज गर्ने |
| ९ | गिता राई | कृषि प्राविधिक | बकैया वडा नं. ४ मा कृषि तथा पशुपालन सम्बन्धी कामकाज | बकैया वडा नं. ४ मा बसी वडा नं. ४,५,६ र ७ मा कृषि तथा पशुपालन सम्बन्धी कामकाज गर्ने |
| १० | भावना अधिकारी | कृषि प्राविधिक | बकैया वडा नं. ५ मा कृषि तथा पशुपालन सम्बन्धी कामकाज | बकैया वडा नं. ३ मा बसी वडा नं. ३, ८ र ९ मा कृषि तथा पशुपालन सम्बन्धी कामकाज गर्ने |
| ११ | शोभा सापकोटा | पशु सेवा प्राविधिक | बकैया वडा नं. ११ मा कृषि तथा पशुपालन सम्बन्धी कामकाज | बकैया वडा नं. १२ मा बसी वडा नं. १०, ११ र १२ मा कृषि तथा पशुपालन सम्बन्धी कामकाज गर्ने |

११. **विविध सम्बन्धमा :-** बकैया गाउँ कार्यपालिकाको बैठकमा उठेका तपसिलका विषयहरुमा तपसिल अनुसार गर्ने सर्वसम्मतिले निर्णय गरियो ।

क. जनसंख्या तथा क्षेत्रफलका आधारमा ठुलो वडामा मसलन्द खर्चबाट सामग्रीहरु नपुग भएमा त्यस्तो वडालाई केही नपुग सामग्रीहरु उपलब्ध गराउने ।

ख. बालमैत्री स्थानीय शासन सम्बन्धी अभिमुखिकरण कार्यक्रम २०७४ साल मंसिर २१ गतेको निर्वाचन पछी आयोजना गरी वडाहरुमा बालमैत्री कार्यक्रमहरु सञ्चालन गर्ने ।

ग. भुकम्प पुनःनिर्माण सम्बन्धी गुनासो र समस्याहरुको बारेमा छलफल गर्न जिल्ला सम्न्वय समितिको कार्यालयमा अध्यक्ष, उपाध्यक्ष र सम्पुर्ण वडाध्यक्षहरु गई समस्याहरुका विषयमा छलफल गर्ने ।

घ. बिनियोजित बजेटबाट बिनियोजन भएका योजनाहरु कार्यान्वयन द्रुत गतिमा अगाडी बढाउने । त्यसका लागि आवस्यक पर्ने लगत ईष्टीमेट लगायतका कागजात तयार गर्न इन्जिनियर तथा सव-इन्जिनियरहरुलाई निर्देशन दिने ।

ङ. गाउँ कार्यपालिका कार्यालयमा कर्मचारीहरुको अभाव रहेकोले हाल वडा कार्यालयको खाता नखोली वडा कार्यालय मार्फत कागजातहरु प्राप्त गरी योजनाहरुको रकम भुक्तानी गर्ने तथा योजना कार्यान्वयनको अन्य प्रक्रिया निम्न अनुसार गर्ने निर्णय गरियो ।

निम्न

१. उपभोक्ता समिति गठन गरी आएपछी वडा कार्यालयमा उपभोक्ता समितिका पदाधिकारीहरुको नागरिकताको प्रतिलिपी, प्राविधिकले दिएको नक्सा, डिजाइन, लागत अनुमान, समिति गठनको निर्णय राखी उपभोक्ता समिति र वडा कार्यालय विच सम्झौता गरी सो फाइल वडा सचिव मार्फत गाउँपालिका पेश गर्ने र पेश भएका फाइलमा गाउँ कार्यपालिकाको तर्फबाट सम्झौता भएपछी कार्यादेश प्राप्त गरी कार्यादेश सम्बन्धीत उपभोक्तालाई दिने र बोद्यार्थ वडा कार्यालयमा राख्ने र योजनाहरुको अनुगमन गरी काम भए नभएको एकिन गरी आर्थिक ऐन र सार्वजनिक खरिद ऐन नियमावली बमोजिमका कागजात र फाईल वडा कार्यालय मार्फत गाउँ कार्यपालिकामा पेश गर्ने र भुक्तानीको चेक बनेपछी सो चेक वडा सचिवले बुझी सम्बन्धीत उपभोक्तालाई वडा कार्यालय मार्फत बुझाउने जिम्मेवारी वडा सचिव र सो कार्यको सुपरीवेक्षण गर्ने जिम्मेवारी वडाध्यक्ष र वडा समितिको रहने गरी हाल योजना कार्यान्वयन गर्ने ।

**आजको बैठक दिनको २:३० बजे शुरु भई ६:३० बजे सम्पन्न गरियो ।**